# क्यासिनो नियमावली, २०७०

| | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| संशोधन | २०७०।४।७ |
| १. क्यासिनो (पहिलो संशोधन) नियमावली, २०७०♦ | २०७०।१०।१३ |
| २. क्यासिनो (दोस्रो संशोधन) नियमावली, २०७०♣ | २०७०।१२।२४ |
| ३. क्यासिनो (तेस्रो संशोधन) नियमावली, २०७०♥ | २०७१।२।१२ |

पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "क्यासिनो नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "इजाजतपत्र" भन्नाले क्यासिनो सञ्चालन गर्न नियम ९ बमोजिम दिइएको इजाजतपत्र सम्झनु पर्छ ।

(ख) "इजाजतपत्र प्राप्त कम्पनी" भन्नाले नियम ९ बमोजिम इजाजतपत्र प्राप्त कम्पनी सम्झनु पर्छ ।

♦ यो नियमावली २०७० साल मङ्सिर ७ गते देखि प्रारम्भ भएको ।
♣ यो नियमावली २०७० चैत ७ गते देखि प्रारम्भ भएको ।
♥ यो नियमावली २०७० चैत २२ गते देखि प्रारम्भ भएको ।

(ग) “क्यासिनो” भन्नाले पर्यटकको मनोरञ्जनको लागि परम्परागत रुपमा वा आधुनिक मेशिन वा उपकरणको माध्यमबाट क्यासिनोस्थलमा बाजी (वेट) राखी रकम जित वा हार हुने गरी खेलिने खेल सम्झनु पर्छ ।

(घ) “क्यासिनो स्थल” भन्नाले क्यासिनो खेल्न इजाजतपत्रमा तोकेको स्थान र सोको परिसर सम्झनु पर्छ ।

(ङ) “खेलाडी” भन्नाले क्यासिनो खेल्ने व्यक्ति सम्झनु पर्छ ।

(च) “मन्त्रालय” भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

(छ) “वित्तीय जानकारी इकाई” भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमको वित्तीय जानकारी इकाई सम्झनु पर्छ ।

(ज) “समिति” भन्नाले नियम २९ बमोजिमको अनुगमन तथा निरीक्षण समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

३. इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गर्न वा गराउन नहुने: कसैले पनि यस नियमावली बमोजिम इजाजतपत्र नलिई क्यासिनो सञ्चालन गर्न वा गराउन हुँदैन ।

४. कम्पनीको रुपमा संस्थापना गर्नु पर्ने: क्यासिनो सञ्चालन गर्न चाहने व्यक्तिले इजाजतपत्र लिनु अघि प्रचलित कानून बमोजिम कम्पनी संस्थापना गराउनु पर्नेछ ।

५. पूर्व स्वीकृति लिनु पर्ने : (१) क्यासिनो सञ्चालन गर्न चाहने व्यक्तिले नियम ४ बमोजिम कम्पनी संस्थापना गर्नु अघि देहायका कागजात संलग्न गरी पूर्व स्वीकृतिको लागि मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ :-

(क) अनुसूची-१ बमोजिमको ढाँचाको आर्थिक तथा प्राविधिक प्रस्ताव,

(ख) कम्तीमा पाँचतारे होटल वा सो सरहको डिलक्स रिसोर्टको सञ्चालकले आफ्नो परिसरमा क्यासिनो सञ्चालन गर्न दिएको लिखित सहमति,

तर आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको हकमा कम्तीमा चार तारे होटल सञ्चालकको लिखित सहमति,

(ग) कम्पनीको प्रस्तावित प्रबन्धपत्र र नियमावली ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन साथ संलग्न कागजात जाँचबुझ गर्न र प्रस्तावित क्यासिनो स्थलको स्थलगत निरीक्षण गर्नको लागि मन्त्रालयले सम्बन्धित विज्ञहरु रहेको एक समिति गठन गर्नेछ ।

(३) उपनियम (२) बमोजिमको समितिले निवेदन साथ संलग्न कागजातको जाँचबुझ र प्रस्तावित क्यासिनोको स्थलगत निरीक्षण समेत गरी आफ्नो राय सहितको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम समितिबाट प्राप्त भएको प्रतिवेदन जाँचबुझ गर्दा निवेदकलाई क्यासिनो सञ्चालन गर्ने सम्बन्धमा पूर्व स्वीकृति दिन उपयुक्त देखेमा मन्त्रालयले आवश्यक शर्त तोकी प्रतिवेदन प्राप्त भएको मितिले एक्काईस दिनभित्र पूर्व स्वीकृति दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्रतिवेदन जाँचबुझ गर्दा क्यासिनो सञ्चालन गर्ने सम्बन्धमा पूर्व स्वीकृति दिन नमिल्ने देखिएमा मन्त्रालयले पन्ध्र दिनभित्र सो कुराको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

६. पूर्व स्वीकृति नदिइने : नियम ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा मन्त्रालयले क्यासिनो सञ्चालन गर्ने सम्बन्धमा कम्पनी संस्थापना गर्नको लागि पूर्व स्वीकृति दिने छैन :-

(क) प्रस्तावित क्यासिनोको नाम पहिले नै संस्थापना भई कायम रहेको क्यासिनोको नामसँग मिल्ने भएमा,

(ख) कम्पनीको प्रस्तावित सञ्चालक नियम ७ बमोजिम अयोग्य भएमा,

(ग) कम्तीमा पच्चीस करोड रुपैयँको चुक्ता पूँजी नभएको,

तर आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको हकमा कम्तीमा पन्ध्र करोड रुपैयँको चुक्ता पूँजी नभएको,

(घ) धार्मिक वा साँस्कृतिक महत्वको दृष्टिले संवेदनशिल मानिएको क्षेत्रमा क्यासिनो स्थापना गर्न प्रस्ताव गरेको भएमा,

(ङ) प्रस्तावित क्यासिनो स्थल अन्तर्राष्ट्रिय सिमाना क्षेत्रबाट पाँच किलोमिटरको दूरी भित्र रहेमा,

(च) क्यासिनो सञ्चालन गर्ने स्थान पर्यटकीय सम्भाव्यताको दृष्टिकोणबाट उपयुक्त नदेखिएमा ।

७. <u>अयोग्यता</u> : देहायको कुनै व्यक्ति क्यासिनो सञ्चालन गर्ने कम्पनीको सञ्चालक हुन योग्य हुने छैन :-

(क) कुनै कारोबारको सम्बन्धमा प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(ख) सरकारी वा सार्वजनिक संस्थालाई कुनै कर, शुल्क, रकम वा अदालती दण्ड जरिवाना तिर्न बुझाउन बाँकी भएको,

(ग) साहुको दामासाहीमा परेको,

(घ) मगज विग्रिएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ङ) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएको ।

८. <u>क्यासिनो सञ्चालन गर्न आवश्यक पूर्वाधार</u> : क्यासिनो सञ्चालन गर्नको लागि आवश्यक पर्ने पूर्वाधार अनुसूची-२ बमोजिम हुनेछ ।

९. इजाजतपत्र सम्बन्धी व्यवस्था : (१) क्यासिनो सञ्चालन गर्न इजाजतपत्र लिन चाहने कम्पनीले निवेदन दस्तुर वापत पाँच लाख रुपैयँ संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

तर आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको हकमा दुई लाख रुपैयँ निवेदन दस्तुर लाग्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन सहितको कागजात जाँचबुझ गर्दा निवेदकलाई इजाजतपत्र दिन मनासिव देखिएमा मन्त्रालयले नियम १० बमोजिमको दस्तुर लिई अनुसूची-४ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा इजाजतपत्र दिन नमिल्ने भएमा मन्त्रालयले सात दिनभित्र सो कुराको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम दिएको इजाजतपत्र जुन होटलमा क्यासिनो सञ्चालन गर्न दिएको हो सोही होटलमा मात्र सञ्चालन गर्न पाउनेछ ।

१०. इजाजतपत्र दस्तुर: यस नियमावली बमोजिम इजाजतपत्र लिन दुई करोड रुपैयाँ दस्तुर लाग्नेछ ।

तर आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको हकमा एक करोड रुपैयाँ इजाजतपत्र दस्तुर लाग्नेछ ।

११. बैङ्क ग्यारेण्टी बुझाउनु पर्ने : इजाजपत्रको लागि निवेदन दिन चाहने व्यक्तिले इजाजतपत्र लिनु अघि मन्त्रालयको नाउँमा मन्त्रालयले तोकेको बैङ्कबाट नियम १५ बमोजिम निर्धारित एक वर्षको रोयल्टी रकम बराबरको बैङ्क ग्यारेण्टी मन्त्रालयमा बुझाउनु पर्नेछ ।

१२. इजाजतपत्रको अवधि: इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

१३. इजाजतपत्रको नवीकरण : (१) इजाजतपत्र प्राप्त कम्पनीले इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा एक महिना अगावै इजाजतपत्र नवीकरणको लागि देहायका कागजात संलग्न गरी मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछः-

(क) बुझाउन पर्ने रोयल्टी रकम चुक्ता गरेको प्रमाण,

(ख) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(ग) कम्पनीको सञ्चालक, शेयर धनीको विवरण र शेयर लगत,

(घ) अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) बैङ्क ग्यारेण्टी नवीकरण गराएको कागजात, र

(च) मन्त्रालयले तोकेको अन्य कागजात ।

(२) उपनियम (१) बमोजिम निवेदन सहितको कागजात प्राप्त भएपछि मन्त्रालयले त्यस्तो निवेदन र सो साथ संलग्न कागजात समिति समक्ष पठाउनेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको निवेदन र सो साथ संलग्न कागजात जाँचबुझ गर्दा इजाजतपत्र नवीकरण गर्न मनासिव देखिएमा समितिले सोही व्यहोराको सिफारिस मन्त्रालय समक्ष गर्नेछ ।

(४) उपनियम (३) बमोजिम इजाजतपत्र नवीकरण गर्न समितिबाट सिफारिस भएमा मन्त्रालयले इजाजतपत्र दस्तुरको पचास प्रतिशतले हुने रकम नवीकरण दस्तुर वापत लिई इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ ।

१४. इजाजतपत्र रद्द हुने: (१) देहायको अवस्थामा इजाजतपत्र स्वतः रद्द हुनेछ :-

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र लिएको पाइएमा,

(ख) नियम १३ बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराएमा,

(ग) नियम १५ बमोजिमको अवधिभित्र रोयल्टी रकम नबुझाएमा,

नेपाल कानून आयोग

. (२) नियम १८ विपरीत नेपाली नागरिकलाई क्यासिनो स्थलमा प्रवेश गराएमा वा क्यासिनो खेलाएमा ईजाजतपत्र रद्द गर्न सकिनेछ ।

(३) कुनै इजाजतपत्र प्राप्त कम्पनीले यस नियमावली बमोजिम पालना गर्नु पर्ने शर्तहरु पालना नगरेमा मन्त्रालयले निश्चित अवधि तोकी त्यस्ता शर्तहरु पालना गर्न, गराउन त्यस्तो इजाजतपत्र प्राप्त कम्पनीलाई सचेत गराउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम सचेत गराउँदा पनि इजाजतपत्र प्राप्त कम्पनीले यस नियमावली बमोजिम पालना गर्नु पर्ने शर्तहरु पालना नगरेमा मन्त्रालयले त्यस्तो इजाजतपत्र प्राप्त व्यक्तिको इजाजतपत्र रद्द गर्नेछ ।

(५) उपनियम (१) को खण्ड (क), उपनियम (२) र (४) बमोजिम इजाजतपत्र रद्द गर्नु अघि मन्त्रालयले इजाजतपत्र प्राप्त कम्पनीलाई आफ्नो सफाई पेश गर्न सात दिनको मौका दिनु पर्नेछ ।

(६) मन्त्रालयले यस नियम बमोजिम इजाजतपत्र रद्द भएको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालय र उद्योग विभागलाई दिनु पर्नेछ ।

१५. निर्धारित अवधिभित्र रोयल्टी रकम बुझाउनु पर्ने : इजाजतपत्र प्राप्त कम्पनीले प्रत्येक वर्ष प्रचलित कानूनले तोके बमोजिमको अवधिभित्र तोके बमोजिमको रोयल्टी रकम बुझाउनु पर्नेछ ।

१६. इजाजतपत्र प्राप्त कम्पनीले पालना गर्नु पर्ने शर्तहरु : (१) यस नियमावलीमा अन्यत्र उल्लिखित शर्तहरुको अतिरिक्त इजाजतपत्र प्राप्त कम्पनीले देहायका शर्तहरु पालना गर्नु पर्नेछ :-

(क) आफ्नो सम्पूर्ण कारोवार कम्पनीको नामबाट गर्नु पर्ने,

(ख) खेलाडीलाई ऋण वा सापटी दिई खेल खेलाउन नहुने,

(ग) क्यासिनो स्थलभित्र अनैतिक, अमर्यादित वा आपराधिक क्रियाकलाप हुन नदिने,

(घ) नेपाली परम्परा, संस्कृति र सामाजिक मर्यादाको प्रतिकूल हुने गरी खेल खेलाउन नहुने,

(ङ) शंकास्पद व्यक्ति क्यासिनो स्थलमा भेटिएमा तत्काल प्रहरीलाई जानकारी दिनु पर्ने,

(च) क्यासिनो स्थलमा प्रवेश गर्ने प्रत्येक व्यक्तिको अनुहार प्रष्ट खिचिने गरी र सो स्थलभित्र खेल खेलेको गतिविधि देखिने गरी सि.सि.टि.भि. जडान गर्नु पर्ने,

(छ) खण्ड (च) बमोजिमको सि.सि.टि.भि. को अभिलेख छ महिनासम्म सुरक्षित राख्नु पर्ने र मन्त्रालयले माग गरेमा उपलब्ध गराउनु पर्ने,

(ज) खेलाडीलाई उपलब्ध गराउने पानी, पेयपदार्थ तथा खानाको गुणस्तर कायम गर्नु पर्ने,

(झ) क्यासिनोलाई प्रोत्साहन हुने गरी प्रचार, प्रसार तथा विज्ञापन गर्न नहुने,

(ञ) कम्तीमा पचासजना व्यक्तिलाई क्यासिनोमा रोजगार दिएको हुनु पर्ने,

(ट) शान्ति सुव्यवस्थामा खलल हुने तथा सार्वजनिक हित र नैतिकता विरुद्धका कुनै कृयाकलाप गर्न नहुने,

(ठ) मन्त्रालय र वित्तीय जानकारी इकाईले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्ने ।

(२) मन्त्रालयले इजाजतपत्र दिंदा कुनै शर्त तोकेको भए इजाजतपत्र प्राप्त कम्पनीले त्यस्तो शर्त समेत पालना गर्नु पर्नेछ ।

१७. विदेशी कम्पनीसँग संयुक्त लगानीमा क्यासिनो सञ्चालन गर्न सक्ने : (१) इजाजतपत्र प्राप्त कम्पनीले मन्त्रालयको स्वीकृति लिई विदेशी कम्पनीसँग संयुक्त लगानीमा क्यासिनो सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विदेशी कम्पनीसँग संयुक्त लगानीमा क्यासिनो सञ्चालन गर्दा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिम गर्नु पर्नेछ ।

## परिच्छेद-३

## क्यासिनो सञ्चालन सम्बन्धी व्यवस्था

१८. नेपाली नागरिकले क्यासिनो खेल्न र क्यासिनो स्थलमा प्रवेश गर्न नपाउने : (१) नेपाली नागरिकले क्यासिनो खेल्न र क्यासिनो स्थलमा प्रवेश गर्न पाउने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पदीय कर्तव्यको सिलसिलामा देहायका नेपाली नागरिक क्यासिनो स्थलमा प्रवेश गर्न पाउनेछ:-

(क) क्यासिनो सञ्चालनसँग सम्बद्ध कर्मचारी,

(ख) सुरक्षा निकायका कर्मचारी,

(ग) मन्त्रालय, राजश्व अनुसन्धान विभाग, आन्तरिक राजश्व विभाग, उद्योग विभाग वा कम्पनी रजिष्ट्रारको कार्यालयले अनुसन्धान, अनुगमन तथा निरीक्षणमा खटाइएको कर्मचारी ।

१९. क्यासिनो स्थलमा प्रवेश गर्ने व्यक्तिको अभिलेख व्यवस्थापन : (१) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालनसँग सम्बद्ध कर्मचारीलाई क्यासिनो स्थलमा प्रवेश गर्नको लागि परिचयपत्र जारी गर्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालनसँग सम्बद्ध कर्मचारी र खेलाडीको लागि क्यासिनो प्रवेश मार्ग अलग अलग रुपमा बनाउनु पर्नेछ ।

(३) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालनसँग सम्बद्ध कर्मचारी र खेलाडी क्यासिनो स्थलमा प्रवेश गर्दा र बाहिर निस्कदा रजिष्टरमा समय जनाएर प्रवेश गर्ने र निस्कने व्यवस्था मिलाई सो प्रयोजनको लागि छुट्टा छुट्टै रजिष्टर राख्नु पर्नेछ ।

(४) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो स्थलमा प्रवेश गर्ने व्यक्तिको परिचयपत्र स्क्यान गरी अनुसूची-५ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ ।

(५) इजाजतपत्र प्राप्त कम्पनीले उपनियम (३) र (४) बमोजिमको रजिष्टर तथा अभिलेख एक वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

(६) इजाजतपत्र प्राप्त कम्पनीले उपनियम (३) र (४) बमोजिमको रजिष्टर तथा अभिलेख मन्त्रालयबाट माग भएको बखत उपलब्ध गराउनु पर्नेछ ।

२०. भुक्तानी अनुपात (पेआउट रेसियो) निर्धारण गर्ने : क्यासिनोमा जित हारको लागि मेशिन तथा उपकरणबाट हुने भुक्तानी अनुपात मन्त्रालयले बनाएको निर्देशिकामा तोके बमोजिम हुनेछ ।

२१. बाजीको सीमा (बेट लिमिट) निर्धारण गर्ने : इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनोमा खेलाडीले एक पटकमा खेल्न सक्ने अधिकतम बाजीको सीमा (बेट लिमिट) निर्धारण गर्नु पर्नेछ ।

२२. क्वाइन वा चिप्सको संख्या तोक्नु पर्ने : (१) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनोमा खेलाडीले खेल खेल्नको लागि खरिद गर्न सक्ने क्वाइन वा चिप्सको अधिकतम संख्या तथा मूल्य तोक्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कम्पनीले एक खेलाडीले खरिद गरेको क्वाइन वा चिप्स अर्को खेलाडीलाई सापटी दिन वा स्वामित्व यकिन नभएको रकम स्वीकार गरी खेल खेलाउन पाउने छैन ।

२३. नगद रकम सुरक्षण राख्नु पर्ने : इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालन गर्दा प्रयोग गर्ने क्वाइन वा चिप्समा अङ्कित मूल्य बराबरको नगद रकम खेलाडीलाई फिर्ता गर्ने प्रयोजनको लागि आफ्नो साथ राख्नु पर्नेछ ।

२४. अभिलेख व्यवस्थापन : (१) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो स्थलमा खेलाडीले प्रत्येक पटक सटही गरेको विदेशी मुद्राको कारोवार प्रत्येक पटक खरिद गरेको क्वाईन वा चिप्सको सँख्या तथा विवरण, क्यासिनो स्थल छोडी जाँदा फिर्ता

गरेको क्वाईन वा चिप्सको सँख्या तथा विवरण र सो वापत फिर्ता लगेको विदेशी मुद्राको यथार्थ विवरण खुल्ने गरी अभिलेखको व्यवस्थापन गर्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कम्पनीले उपनियम (१) बमोजिम खडा गरेको अभिलेखको प्रतिलिपि प्रत्येक महिना मन्त्रालय र वित्तीय जानकारी इकाईलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) कुनै खेलाडीले एक व्यवसाय दिनमा पच्चीस लाखभन्दा बढीको रकम जित वा हार हुने गरी खेलेमा वा क्यासिनो स्थलभित्र शंकास्पद रुपमा नगद वा अन्य कुनै प्रकारको आर्थिक कारोवार गरेको पाइएमा इजाजतपत्र प्राप्त कम्पनीले सोको लिखित जानकारी मन्त्रालय र वित्तीय जानकारी इकाईलाई तुरुन्त दिनु पर्नेछ ।

स्पष्टीकरण यस नियमको प्रयोजनको लागि "एक व्यवसाय दिन" भन्नाले क्यासिनो स्थलभित्र प्रवेश गरेको समयले चौबीस घण्टाको अवधि सम्झनु पर्छ ।

२५. क्यासिनोमा जितेको रकमको भुक्तानी सम्बन्धी व्यवस्था : (१) इजाजतपत्र प्राप्त कम्पनीले कुनै खेलाडीलाई क्यासिनोबाट जितेको रकम भुक्तानी गर्नु अघि त्यस्तो खेलाडीले जितेको रकमबाट प्रचलित कानून बमोजिम लाग्ने आकस्मिक लाभ कर कट्टी गरेर मात्र रकम भुक्तानी दिनु पर्नेछ र त्यसरी कट्टी गरिएको आकस्मिक लाभ कर सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आकस्मिक लाभ कर कट्टी गरेकोमा इजाजतपत्र प्राप्त कम्पनीले खेलाडीलाई आकस्मिक लाभ कर कट्टी गरेको प्रमाणपत्र दिई त्यसको विवरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्नेछ ।

(३) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनोमा प्रत्येक खेलाडीलाई दिएको भुक्तानीको विवरण अद्यावधिक राख्नु पर्नेछ ।

२६. सुरक्षा सम्बन्धी व्यवस्था : (१) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो स्थलमा सुरक्षाको उचित प्रवन्ध मिलाउनु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो स्थलभित्रको गतिविधि निगरानी गर्न निगरानी प्रणाली सम्बन्धी योजना मन्त्रालयबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ ।

(३) इजाजतपत्र प्राप्त कम्पनीले उपनियम (२) बमोजिम लागू गरेको निगरानी प्रणाली सम्बन्धी योजना परिवर्तन गर्नु पूर्व मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) मन्त्रालयले आवश्यक ठानेमा क्यासिनो स्थलको गतिविधि अनुगमन गर्न छुट्टै निगरानी प्रणाली जडान गर्न सक्नेछ ।

२७. मेशिन तथा उपकरण सम्बन्धी व्यवस्था : (१) क्यासिनोमा प्रयोग हुने टेवल, मेशिन, क्वाइन, चिप्स, कम्प्यूटर सफ्टवेयर समेतका सबै उपकरणहरु अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको हुनु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनोको टेबुल, मेशिन, क्वाइन, चिप्स, कम्प्यूटर सफ्टवेयर समेतका उपकरण सञ्चालन सम्बन्धी कार्यविधि (स्टायाण्डर्ड अपरेशन प्रोसुड्युर) बनाई लागू गराउनु पर्नेछ ।

(३) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनोमा प्रयोग गर्न आयात गरेको मेशिन र उपकरणको विवरण मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ र त्यस्ता मेशिन र उपकरण पुराना भई नयाँ जडान गर्नु पर्दा समेत मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

२८. प्रवेशद्वारमा सूचना पाटी तथा गुनासो पेटिका राख्नु पर्ने : (१) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो स्थलको प्रवेशद्वारमा नेपाली तथा अंग्रेजी भाषामा देहायका कुरा उल्लेख गरी सूचना पाटी राख्नु पर्नेछ :-

(क) इजाजतपत्र प्राप्त कम्पनीको पूरा नाम र इजाजतपत्र नम्बर,

(ख) क्यासिनो खुल्ने र बन्द हुने समय,

(ग) क्यासिनोमा प्रवेश निषेध गरिएको व्यक्तिको विवरण,

(घ) खेलाडीलाई आवश्यक पर्ने अन्य जानकारी ।

(२) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो स्थलको प्रवेशद्वारमा गुनासो पेटिका राख्नु पर्नेछ ।

२९. समिति सम्बन्धी व्यवस्था : (१) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालन गर्दा यस नियमावली बमोजिमको व्यवस्था र मन्त्रालयले दिएको निर्देशनको पालना गरे नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्ने काम समेतको लागि मन्त्रालयले एक अनुगमन तथा निरीक्षण समितिको गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा निरीक्षण सम्बन्धी काममा समितिलाई आवश्यक सहयोग गर्नु इजाजतपत्र प्राप्त कम्पनीको कर्तव्य हुनेछ ।

(३) समितिले क्यासिनोको अनुगमन वा निरीक्षण गरेको सात दिनभित्र अनुसूची-६ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## विविध

३०. संस्थागत सामाजिक दायित्व : (१) इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालन गर्दा प्राप्त गरेको खुद आयको दुई प्रतिशत रकम शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता सामाजिक कार्यमा खर्च गर्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कम्पनीले उपनियम (१) बमोजिम सामाजिक कार्यमा खर्च गरेको विवरण प्रत्येक वर्ष मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

३१. कालो सूचीमा राखिने : कुनै इजाजतपत्र प्राप्त कम्पनीले यस नियमावली विपरीत कुनै काम गरेको कारण त्यस्तो कम्पनीको इजाजतपत्र रद्द भएमा सो कम्पनीलाई कालो सूचीमा राखिनेछ ।

३२ सरकारी बाँकी सरह असुल उपर गरिने : इजाजतपत्र प्राप्त कम्पनीले यस नियमावली बमोजिम बुझाउनु पर्ने कुनै रकम वा दस्तुर नबुझाएमा त्यस्तो रकम वा दस्तुर सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

३३. कर्मचारीलाई तालीम दिनु पर्ने : इजाजतपत्र प्राप्त कम्पनीले आफ्नो कर्मचारीलाई क्यासिनो सञ्चालन, व्यवस्थापन, आन्तरिक सुरक्षा, सम्पत्ति शुद्धीकरण तथा क्यासिनो सञ्चालनबाट प्राप्त आय सामाजिक कार्यमा खर्च गर्ने जस्ता विषयमा तालीम दिनु पर्नेछ ।

३४. प्रतिवेदन दिनु पर्ने : इजाजतपत्र प्राप्त कम्पनीले प्रत्येक वर्ष श्रावण र माघ महिनाको सात गतेभित्र आफूले गरेको काम कारबाहीको सम्बन्धमा अनुसूची-७ बमोजिमको ढाँचामा अर्धबार्षिक रुपमा प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

३५. निर्देशन दिन सक्ने : (१) मन्त्रालयले क्यासिनो सञ्चालन गर्ने सम्बन्धमा इजाजतपत्र प्राप्त कम्पनीलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु इजाजतपत्र प्राप्त कम्पनीको कर्तव्य हुनेछ ।

३६. निर्देशिका बनाउन सक्ने : (१) यस नियमावलीको कार्यान्वयन गर्नको लागि मन्त्रालयले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निर्देशिकाको पालना गर्नु, गराउनु इजाजतपत्र प्राप्त कम्पनीको कर्तव्य हुनेछ ।

३७. पहिले इजाजतपत्र प्राप्त व्यक्तिले निवेदन दिनु पर्ने : (१) यो नियमावली प्रारम्भ हुँदाका बखत क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त कम्पनीले यो नियमावली प्रारम्भ भएको मितिले ▶नौं महिनाभित्र यसै नियमावली बमोजिम इजाजतपत्रको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र निवेदन नदिएमा वा निवेदन दिएपनि यस नियमावली बमोजिम इजाजतपत्र नपाएमा यो नियमावली प्रारम्भ हुनु अगावै दिईएका इजाजतपत्र स्वत: खारेज भएको मानिनेछ ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

३८. अनुसूची हेरफेर वा थपघट गर्न सक्ने : मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

नेपाल कानून आयोग

## अनुसूची-१

(नियम ५ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

### आर्थिक तथा प्राविधिक प्रस्तावको ढाँचा

१. क्यासिनोको प्रस्तावित नाम र क्यासिनो सञ्चालन गर्ने स्थानः–

२. कुल लगानी रकम :-

३. लगानीको स्रोत :-

(क) स्वदेशी

(ख) विदेशी

(ग) संयुक्त

४. प्रक्षेपित वार्षिक पर्यटक आवागमन (संख्या) :-

५. वार्षिक आय तथा परिवर्त्य विदेशी मुद्रा आर्जनको प्रक्षेपण :-

६. राजश्वमा पुग्ने योगदान :-

७. रोजगारीमा पुग्ने योगदान :-

८. क्यासिनोको प्रकार तथा प्रविधि :-

९. क्यासिनोमा प्रयोग गरिने मेशिन तथा उपकरणहरुको विवरणः-

(क) नामः-

(ख) मोडेलः-

(ग) प्रकारः-

(घ) संख्याः-

(ङ) उत्पादक मुलुकः-

१०. क्यासिनो सञ्चालन गर्ने स्थानको भौतिक पूर्वाधारको स्थिति :-

(क) सवारी पार्किङ क्षेत्र :-

(ख) चमेना गृह (रेष्ट्राँ) :-

(ग) स्नान घर (सावर रुम) :-

(घ) व्यायाम स्थल :-

(ङ) स्पा सम्बन्धी सुविधा :-

(च) स्वीमिङ्ग पुल :-

(छ) क्यासिनो स्थलमा उपलब्ध खेलको सुविधा :-

(ज) स्वास्थ्यकर्मीको व्यवस्था :

११. जनशक्तिको विवरण :-

(क) स्वदेशी (ख) विदेशी

१२. संस्थागत सामाजिक दायित्वमा गरिने खर्च सम्बन्धी विवरण :-

संलग्न गर्नु पर्ने कागजातहरु

(क) क्यासिनो क्षेत्रको डिजाइन तथा नक्सा

(ख) जग्गाधनी प्रमाणपूर्जा वा अन्य सम्बन्धित कागजात

(ग) बजार विश्लेषण प्रतिवेदन

प्रस्ताव पेश गर्ने व्यक्तिको,-

सही :

नाम :

मिति:

नेपाल कानून आयोग

नेपाल कानून आयोग

# अनुसूची-२

(नियम ८ सँग सम्बन्धित)

## क्यासिनो सञ्चालन गर्न आवश्यक पूर्वाधार

१. क्यासिनो सञ्चालन गर्ने स्थानमा देहायका भौतिक पूर्वाधार हुनु पर्नेछ :-

(क) पर्याप्त सवारी पार्किङ क्षेत्र भएको

(ख) चमेना गृह (रेष्ट्रुरां)

(ग) स्नान घर (सावर रुम) सावना, स्टिम वाथ

(घ) व्यायाम स्थल

(ङ) स्पा सम्बन्धी सुविधा

(च) स्वीमिङ्ग पुल

(छ) क्यासिनो स्थलमा खेलकुदको सुविधा

२. मन्त्रालयले समय समयमा तोके बमोजिमका अन्य पूर्वाधार ।

# अनुसूची-३

(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)

## क्यासिनो सञ्चालन इजाजतपत्रको लागि दिइने निवेदनको ढाँचा

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,

सिंहदरवार ।

यस कम्पनीले क्यासिनो सञ्चालन गर्न चाहेकोले क्यासिनो सञ्चालन इजाजतपत्र पाउनको लागि देहायका विवरण खुलाई यो निवेदन गरिएको छ ।

१. क्यासिनो सञ्चालन गर्ने कम्पनीको,-

(क) नाम :-

(ख) ठेगाना :-

(ग) संस्थापना नम्बर :-

२. सञ्चालकको विवरण :-

| पूरा नाम | ठेगाना | उमेर | शेयर वा हिस्सा | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| | | | | |
| | | | | |

३. कम्पनीको पूँजी -

(क) अधिकृत पूँजी :-

(ख) जारी पूँजी :-

(ग) चुक्ता पूँजी :-

नेपाल कानून आयोग

४. क्यासिनो सञ्चालन हुने होटल वा रिसोर्टको,-

(क) नाम :-

(ख) ठेगाना :-

(ग) व्यवस्थापकको नाम :-

५. नियम २५ बमोजिमको निगरानी प्रणाली सम्बन्धी योजना :–

६. माथि उल्लिखित व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

कम्पनीको तर्फबाट निवेदन दिनेको,-

कम्पनीको छाप

सही :

नाम :

मिति :

संलग्न गर्नु पर्ने कागजातहरु:–

(क) नेपाली नागरिकताको प्रमाणपत्र तथा विदेशी भए राहदानीको प्रतिलिपि ।

(ख) कम्पनी दर्ता प्रमाणपत्र, प्रबन्धपत्र र नियमावली ।

(ग) मन्त्रालयले पूर्व स्वीकृति दिएको पत्र र त्यसरी स्वीकृति दिंदा कुनै शर्त तोकेको भए सो शर्त पूरा गरेको प्रतिबद्धता ।

(घ) क्यासिनो सञ्चालन गर्न आवश्यक पर्ने अनुसूची २ बमोजिमको पूर्वाधार विवरण ।

(ङ) प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रस्ताव स्वीकृत गर्नु पर्ने भए त्यस्तो स्वीकृति ।

(च) मन्त्रालयले तोकेको अन्य कागजातहरु ।

नेपाल कानून आयोग

अनुसूची-४

(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

## इजाजतपत्रको ढाँचा

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,

सिंहदरवार ।

इजाजतपत्र संख्या:

श्री ...........

(कम्पनीको नाम र ठेगाना)

..........................

## क्यासिनो सञ्चालन इजाजतपत्र

यस मन्त्रालयको मिति ..............को निर्णयानुसार त्यस कम्पनीलाई क्यासिनो सञ्चालन गर्न यो इजाजतपत्र दिइएकोछ ।

इजाजतपत्र दिने अधिकारीको,-

सही :

नाम :

पद :

मिति :

नियम १५ मा लेखिएदेखि बाहेक इजाजतपत्र प्राप्त कम्पनीले पालना गर्नु पर्ने अन्य शर्तहरु:-

(क)

(ख)

(ग)



नेपाल कानून आयोग

# नवीकरणको विवरण

| क्र.सं | नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर | नवीरकण गर्ने अधिकारी | मन्त्रालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |

नेपाल कानून आयोग

## अनुसूची–५

(नियम १९ को उपनियम (४) सँग सम्बन्धित)

### क्यासिनो स्थलमा प्रवेश गर्ने व्यक्तिको अभिलेखको ढाँचा

| क्र.सं. | प्रवेश गर्ने व्यक्तिको पूरा नाम | ठेगाना | परिचयपत्र न./राहदानी नं. | प्रवेशको प्रयोजन | राष्ट्रियता | प्रवेश गरेको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मिति | समय | अवधि | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नेपाल कानून आयोग

अनुसूची-६

(नियम २९ को उपनियम (३) सँग सम्बन्धित)

<u>समितिले पेश गर्ने प्रतिवेदनको ढाँचा</u>

१. इजाजतपत्र प्राप्त कम्पनीको नाम र ठेगाना :-

२. अनुगमन तथा निरीक्षण मिति :-

३. क्यासिनो खेलहरुको विवरण :-

(क)

(ख)

४. क्यासिनो खेलाडीलाई प्रदान गरिएको सुविधाहरु :-

(क) यातायात

(ख) वास

(ग) खाना

(घ) अन्य

५ भुक्तानी वा कारोबार प्रक्रिया:-

(क) क्वाइन वा चिप्स खरीद गर्दाको मुद्राको किसिम

(ख) जित्ने व्यक्तिलाई जितेको भुक्तानी दिएको मुद्राको किसिम र भुक्तानी प्रकृया

६. क्यासिनोको समग्र सुरक्षा व्यवस्था (आन्तरिक तथा आपराधिक क्रियाकलाप नियन्त्रण सम्बन्धी) :-

७. सम्पत्ती शुद्धीकरण निवारणको लागि अपनाइएका संस्थागत, प्रक्रियागत तथा अन्य व्यवस्था:-

८. इजाजतपत्र नवीकरण भए वा नभएको:-

९. क्यासिनो खुल्ने र बन्द हुने समय समेत खुलाई प्रवेशद्वारमा सूचना पाटी राखे वा नराखेको र रोयल्टी रकम तिरे वा नतिरेको:-

१०. क्यासिनो स्थलमा प्रवेश गर्ने व्यक्तिको परिचय खुल्ने अभिलेख राखे वा नराखेको तथा प्रवेश सम्बन्धी अन्य प्रक्रिया पूरा गरे नगरेको:-

११. इजाजतपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरु पालना गरे वा नगरेको:-

(शर्त पालना नगरेको भए कुन कुन शर्तहरु पालना नगरेको हो सो खुलाउनु पर्ने)

१२. क्वाइन वा चिप्सको उचित प्रयोग भए वा नभएको:-

१३. असम्बन्धित व्यक्ति क्यासिनो स्थलमा प्रवेश गर्ने गरेको वा नगरेको:-

१४. प्रयोग गरिएका मेशिन, उपकरण र अन्य मालसमान गुणस्तर भए वा नभएको:-

१५. समय समयमा  बुझाउनु पर्ने प्रतिवेदन बुझाए वा नबुझाएको:-

१६. क्यासिनोमा कार्यरत कर्मचारीको संख्या:-

१७. क्यासिनो स्थलमा देखिएका समस्याहरु:-

(क)

(ख)

१८. समस्या समाधानका लागि सुझावहरु:-

(क)

(ख)

१९. अन्य आवश्यक कुराहरु:-

समितिका सदस्यको,-

सही :

नाम:

पद :

मिति

अनुसूची-७

(नियम ३४ सँग सम्बन्धित)

## इजाजतपत्र प्राप्त कम्पनीले पेश गर्नु पर्ने प्रतिवेदनको ढाँचा

............. देखि ..............सम्मको प्रतिवेदन

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,

सिंहदरवार ।

यस कम्पनीले क्यासिनो सञ्चालन गर्दाको मिति ..............देखि .......... सम्मको देहायको विवरण सहितको प्रतिवेदन पेश गरिएकोछ ।

१. पर्यटक आवागमन संख्या र आय विवरण :

| क.सं. | साल ...... महिना | पर्यटक संख्या | प्रमुख मुलुकहरु | प्राप्त आय | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | जम्मा | | | | |

नेपाल कानून आयोग

२. क्यासिनोमा खेलाइने खेलहरु :

(क) ...

(ख) .....

३. क्यासिनो खेलाडीलाई प्रदान गरेको सुविधा :

(क) यातायात

(क) वास

(ग) खाना

४. सो अवधिमा रोयल्टी रकम बुझाएको विवरण :

| क्र.सं. | साल ...... महिना | रोयल्टी रकम दाखिला गरेको | रोयल्टी रकम बुझाउन बाँकी भए सो रकम | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| | जम्मा | | | |

संलग्न कागजात

(क) कर्मचारीको विवरण

(ख) अन्य विवरण

इजाजतपत्र प्राप्त कम्पनीको तर्फबाट प्रतिवेदन दिनेको,-

सही :

नाम :

मिति :